वर्ष ३, अंक २
मंसिर २०६८, December 2011

# ICAN Newsletter

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

सदस्य महानुभावहरु,



यस संस्थाले, नेपालमा लेखाव्यवसायको विकास गर्ने, नियमन गर्ने, लेखाव्यवसायीको उत्तरदायित्व, सामाजिक मान्यता तथा विश्वास अभिबृद्धि गर्ने, लेखाव्यवसायलाई मर्यादित र विश्वासिलो बनाउन अन्तर्राष्ट्रिय प्रचलन अनुसार क्षमता अभिबृद्धि गराउने जस्ता गहन जिम्मेवारीलाई निर्वाह गर्दै आइरहेको छ । हालै नेपाल सरकार स्थानीय विकास मन्त्रालयको सहकार्यमा गाउँ विकास समिति र नगरपालिकाको लेखापरीक्षण निर्देशिका प्रकाशित गरेको छ । जसको प्रकाशनले एकातिर लेखापरीक्षणको गुणस्तर बृद्धि हुनेछ भने अर्कोतिर स्थानीय निकायको लेखापरीक्षण कार्यमा संलग्न रहेका सदस्यहरूलाई लेखापरीक्षण कार्य सहज रूपमा सम्पन्न गर्न सहयोग पुग्नुको साथै यस क्षेत्रको लेखापरीक्षणमा एकरूपता आउनेछ । हुनत जवसम्म लेखापालन राम्रो हुंदैन तवसम्म लेखापरीक्षणको गुणस्तर राम्रो हुन सक्दैन । तै पनि यस प्रकाशनले स्थानीय निकायको लेखापरीक्षण कार्यको लागि कोषेढुङ्गा सावित हुने कुरामा मैले विश्वास लिएको छु । यस सहकार्यको लागि म संस्थाको तर्फबाट स्थानीय विकास मन्त्रालयलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

ऐनले निर्दिष्ट गरिदिएको उद्देश्य प्राप्ति गर्नु संस्थाको प्रमुख कर्तव्य हुने हुनाले सोही उद्देश्य प्राप्तिका लागि मेरो कार्यकालमा संस्थाले हालसम्म गरेका र मेरो बाँकी कार्यकाल भित्र गरिने कार्यक्रमहरू निम्न बमोजिम रहेका छन् ।

**सदस्यहरुको व्यवसायिक क्षमता अभिबृद्धि एवं आचरण तर्फ**

- अनवरत व्यवसायिक शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गरिने छ ।
- अनवरत व्यवसायिक शिक्षा कार्यक्रमलाई बढी प्रभावकारी बनाउन विषय वस्तुहरूलाई परिमार्जनका साथ प्रस्तुत गरिनुको साथै यस आर्थिक वर्षमा तीन दिनको तालिमलाई २० क्रेडिट आवर सी.पी.ई. प्रदान गरिने गरिएको छ ।
- २०६८ पौष मसान्त सम्म समय सीमा तोकी वाणिज्य विषयमा स्नातक तह उत्तीर्ण गर्ने "घ" वर्गका सदस्यहरूलाई "ग" वर्गमा वर्गवृद्धि गर्ने नियमानुसार हाल सम्म १४ जनालाई स्वत: वर्गवृद्धि गरिएको छ भने सो अवधि भित्र निवेदन दिनेको नियमानुसार वर्गवृद्धि गरिनेछ ।
- संस्थाले बैंकहरूको लेखापरीक्षणमा देखिएको जोखिमलाई दृष्टीगत गरी बैंकका शाखाहरूको स्वतन्त्र लेखापरीक्षण गर्नु पर्ने आवश्यकता देखेको र सोही अनुरूप नेपाल राष्ट्र बैंकमा डेपुटी गर्भनरको उपस्थितीमा नेपाल बैंकर्स एसोसिएसनसंग छलफलको कार्यक्रम आयोजना भएको र उक्त संघको धारणा प्रति उत्साहजनक

पृष्ठ २ मा क्रमश...

## कार्यशाला गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम (Workshop and Interaction Program)

### लेखामान सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न (Workshop on Nepal Accounting Standard)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले मिति २०६८/०८/२६ गते होटल डेल अन्नपूर्णमा एक दिने कार्यशाला गोष्ठीको आयोजना गर्‍यो ।




लेखामान सम्बन्धी कार्यशाला गोष्ठीको एक झलक ।

नेपाल एकाउन्टिङ्ग स्टान्डर्ड सम्बन्धी भएको उक्त कार्यशाला गोष्ठीको सुभारम्भ संस्थाका अध्यक्ष सिए. सुदर्शनराज पाण्डेले गर्नुभएको थियो । तीन सत्रमा संचालित उक्त गोष्ठीको प्रथम सत्रमा संस्थाका पार्षद सिए. नरेन्द्र भट्टराईले NAS १३: कन्सट्रक्सन कन्ट्रयाक्ट (Construction Contract) का बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो भने दोस्रो सत्रमा नेपाल एकाउन्टिङ्ग स्टान्डर्ड बोर्डका अध्यक्ष सिए. प्रदिपकुमार श्रेष्ठले NAS ७: रेभेन्यू (Revenue) का बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । त्यस्तै तेस्रो सत्रमा सिए. जगदिश भट्टराईले NAS ५: Event after the Balance Sheet Date तथा NAS ८: Borrowing Cost का बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । अन्तमा Pannel Discussion मा संस्थाका अध्यक्ष सिए. सुदर्शनराज पाण्डे र उपाध्यक्ष सिए. मधु विर पाण्डेले सहभागीहरूको विविध प्रश्नको जवाफ दिँदै कार्यक्रमको समापन गर्नु भएको थियो । कार्यक्रममा IFRS लागु भएपछि त्यसले पार्ने असरका बारेमा समेत छलफल भएको थियो । Case Studies समेत समावेश गरिएको प्रस्तुतीकरणले गर्दा कार्यक्रम निकै नै प्रभावकारी भएको सहभागीहरूले बताएका थिए । सो कार्यक्रममा सहभागी हुने संस्थाका सदस्यहरूलाई ६ सी.पी.ई. क्रेडिट आवर प्रदान गरिएको थियो । कार्यक्रममा ७५ जना विभिन्न क्षेत्रका महानुभावहरूको सहभागिता रहेको थियो ।

### नगरपालिकाको Accrual Accounting Manual तथा गा.वि.स. तथा नगरपालिकाको लेखापरीक्षण निर्देशिका सम्बन्धमा

मिति २०६८ /०८/१५ गते स्थानीय विकास मन्त्रालयले तयार गरी यस संस्थालाई पुनरावलोकन गर्न पठाएको नगरपालिकाको Accrual Accounting Manual तथा पुनरावलोकन तथा जारी गर्न पठाएको गा.वि.स. तथा नगरपालिकाको लेखापरीक्षण निर्देशिकाको बारेमा

प्रतिकृया प्राप्त भएको र नेपाल राष्ट्र बैंकले चाँडै यस सम्बन्धी नीति ल्याउने एवं बैंकहरू समेत सकारात्मक रूपमा यसलाई लागु गर्न तत्पर रहेका छन् ।

- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको १५औं वार्षिक उत्सवको अवसरमा संस्थाले उक्त दिन नेपाल बैंकर्स एसोसिएसनसँग मिलेर "Contemporary Issues on Banking from the Perspective of Regulators, Auditors and Bankers" नामक कन्फरेन्सको आयोजना गरिने छ ।

**शिक्षा तथा परीक्षा विभाग अन्तर्गतका कार्यहरु तर्फ**

- शिक्षा विभागलाई अझ बढी प्रभावकारी तथा चुस्त बनाउन ICAI तथा अन्य विदेशी संस्थाहरूसंगको समन्वयलाई अझ प्रगाढ बनाई लगिने छ ।
- संस्थासंग आबद्ध रहेका CAP II तथा CAP III तहका विद्यार्थीहरूलाई सूचना प्रविधि व्यवहारिक तालिम शुरू गरिएको छ । त्यसैगरी तालिम सम्वन्धि पुस्तक Information Technology Practical Training Manual प्रकाशन गरी विद्यार्थीहरूलाई वितरण शुरू गरिसकेको छ ।
- CAP II, CAP III तथा Accounting Technician कोर्षमा आबद्ध भएका विद्यार्थीहरूलाई Information Technology को ज्ञान प्रदान गर्ने हेतुले विधिवत IT Training का कक्षा सञ्चालन गरिएको छ ।
- जून २०११ का सबै तहका प्रस्तावित उत्तरको संगालो किताबी रूपमा प्रकाशनमा ल्याई बिक्री वितरणमा ल्याईको छ ।
- विदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी कोर्ष पूरा गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गर्न चाहने चार्टर्ड एकाउन्टेन्टहरूको परीक्षा सम्पन्न गरिएको छ ।
- डिसेम्बर २०११ को चार्टर्ड एकाउन्टेन्सी शिक्षाका विभिन्न तहका अन्तिम परीक्षा सफलतका साथ सम्पन्न भएको छ ।
- डिसेम्बर २०११ को चार्टर्ड एकाउन्टेन्सी मध्यम तहको परीक्षालाई ध्यानमा राखी Crash Course संचालन गरिएको छ ।

**अन्तर्राष्ट्रिय सम्बन्ध तथा संस्थागत विकास तर्फ**

- संस्थाको भवन निर्माण कार्य तदारूपताका साथ अघि बढिरहेको अवस्थामा यसलाई समयमानै सम्पन्न गरी यथासक्य चांडो आफ्नै भवनमा सर्ने लक्ष्य लिएका छौं । जसको लागि म संस्थाको अध्यक्षको हैसियतले यस कार्यमा आर्थिक सहयोग गरी समयमै सम्पन्न गर्ने कार्यमा सहयोग गर्नुहुन सबै सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु ।
- संस्थागत विकासको निमित्त विभिन्न नियमनकारी निकायसँग अन्तरक्रिया कार्यक्रम संचालन गर्ने तथा समन्वायत्मक रूपमा कार्यहरू गर्दै अघि बढिनेछ ।
- IFAC, CAPA तथा SAFA जस्ता अन्तर्राष्ट्रिय लेखाव्यवसायी संस्थासंग समन्वय गरी ती संस्थाहरूको सहयोग लिई सोलाई संस्थागत हीतको निमित्त प्रयोग गरिनेछ । संस्थाको व्यवसायिकतामा विकास भइरहेको आधारमा पहिलो पटक संस्था CAPA को Public Sector Financial Management Committee मा मनोनयन भएको छ ।
- हालै बंगलादेशको ढाकामा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनमा संस्थाको अध्यक्षको हैसियतले नेपालमा Public Private Partnership (PPP) को अनुभब सम्बन्धी ब्याख्या गर्ने अबसर प्राप्त भएको थियो । सोही सम्मेलनमा नेपालमा IFRS Implementation सम्बन्धी कार्यपत्र प्रस्तुत गर्ने अबसर समेत प्राप्त भएको थियो । त्यसै गरी भारतको चेन्नाईमा भएको अर्को अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालको Small and Medium Enterprises (SME) को महत्व एवं सोही सँग जोडिएको Small and Medium Practice Unit (SMP) को अवस्थाका बारेमा समेत कार्य पत्र प्रस्तुत गर्ने अवसर प्राप्त भएको थियो ।

संस्थालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा ख्याति दिलाउन संस्थाको सदस्यको व्यवहार एवं आचरणले धेरै भूमिका खेलेको हुन्छ । संस्थाका सदस्यले अपनाउनु पर्ने व्यवसायिक आचरणका सम्बन्धमा Code of Ethics लाई IFAC को मापदण्ड अनुसार परिमार्जन गरी जारी गरिएको छ । सदस्य महानुभावले उक्त मापदण्डको परिपालन गरी व्यवसायिक छवी कायम राख्नु हुनेछ भन्ने मैले पूर्ण अपेक्षा गरेको छु ।

धन्यवाद !

सिए. सुदर्शनराज पाण्डे
*अध्यक्ष*



कार्यशाला गोष्ठीको एक झलक ।

संस्थाको बैठक कक्षमा विभिन्न निकायका प्रतिनिधिहरूको उपस्थितिमा एक कार्यशाला गोष्ठी सम्पन्न भयो ।

उक्त कार्यक्रममा संस्थाका अध्यक्ष सिए. सुदर्शनराज पाण्डे तथा उपाध्यक्ष सिए. मधु विर पाण्डेको साथै स्थानीय विकास मन्त्रालय, महालेखापरीक्षकको कार्यालय तथा संस्थाका अन्य पदाधिकारीहरूको उपस्थिति रहेको थियो । संस्थाले नगरपालिकाको Accrual Accounting Manual मा देखिएका कुराहरू सुझावको रूपमा पठाउने र स्थानीय निकाय अन्तर्गतका नगरपालिका तथा गा.वि.स.को लेखापरीक्षण गर्न संस्थाले किताबी रूपमा निर्देशिका तयार पार्न लागेको अवस्थामा गोष्ठिमा उपस्थित प्रतिनिधिहरूले सो को सह्राना गर्नुभएको थियो ।

## Peer Review सम्बन्धी कार्यशाला गोष्ठी

यस आर्थिक वर्ष देखि लेखाव्यवसायी संस्थाहरूको Peer Review कार्यलाई व्यापकता दिने नीति अनुरूप मिति २०६८/०९/०१ गते संस्थाले काठमाडौंमा Peer Review सम्बन्धि एक कार्यशाला गोष्ठीको आयोजना गर्‍यो । ईन्द्रेणी कम्प्लेक्स नयाँ बानेश्वरमा संचालन भएको उक्त गोष्ठीको उद्देश्य सदस्यहरूको लेखापरीक्षण योजना तयार पार्ने तथा लेखापरीक्षण कार्यको अभिलेखिकरण क्षमतामा अभिवृद्धि गर्नु

रहेको थियो । चार सत्रमा संचालित उक्त गोष्ठीमा ५० जना सदस्यहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको पहिलो सत्रमा सिए. तीर्थराज उपाध्यायले Peer Review को अवधारणा, Peer review को चरण तथा गुणस्तर नियन्त्रण (Concept Process and Quality Control) का बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो भने दोश्रो, तेश्रो तथा चौथो सत्रमा सिए. शशि सत्याल, सिए. नन्दकिशोर शर्मा तथा सिए. प्रदिपकुमार श्रेष्ठले Finance Companies हरूलाई बढी केन्द्रित गरी आफ्नो प्रस्तुतिकरण प्रस्तुत गर्नुभएको थियो । उहाँहरूले Preparation of Audit Planning Documents, Concept of Preparation of Audit Program तथा Audit Completion Procedure का बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी संस्थाका सदस्यहरूलाई ८ सी.पी.ई. क्रेडिट आवर प्रदान गरिएको थियो ।

## Challenges of Audit Professions तथा E-Governance र Tax Compliance सम्बन्धी

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, शाखा कार्यालय वीरगंजको आयोजनामा मिति २०६८/०७/२५ गते शुक्रबार एक दिने कार्यशाला गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम संचालन भयो । Challenges of Audit Professions तथा E-Governance र Tax Compliance सम्बन्धी कार्यशाला सम्पन्न भयो । जसमा आयकर तथा मूल्य अभिवृद्धि कर सम्बन्धी विविध विषयका साथै Tax Assessment र Regulatory Compliance बारेमा छलफल भएको थियो । उक्त कार्यक्रममा कर अधिकृत लगायत चार्टर्ड एकाउन्टेन्ट सदस्य तथा दर्तावाला लेखापरीक्षक सदस्यहरू बीच Pannel Discussion समेत भएको थियो । उक्त कार्यक्रममा सहभागी भएका संस्थाका सदस्यहरूलाई ६ क्रेडिट आवर सी.पी.ई. पनि प्रदान गरिएको थियो ।

## लेखाव्यवसायी फर्महरूको अन्तर्राष्ट्रिय संलग्नता (International Affiliation) सम्बन्धमा

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, लेखाव्यवसायी संस्था कार्यविधि, २०६६ को कार्यविधि १३(२) बमोजिम हाल सम्म संस्थामा कायम रहेका विदेशी लेखाव्ययसायी संस्थासँग आबद्ध लेखाव्यवसायी संस्थाहरूको विवरण निम्नानुसार रहेको छ ।

| क्र. सं. | लेखा व्यवसायी संस्था नं | संस्थामा दर्ता भएको फर्मको नाम | विदेशी सम्बन्धता | हाल लेखाव्यवसायी संस्था अवस्था |
|---|---|---|---|---|
| १ | १ | पी. एल. श्रेष्ठ एण्ड कं | HLB International | प्रतिनिधि फर्म |
| २ | ३ | के.वी. चित्रकार एण्ड कं | Alliott Group | सदस्य फर्म |
| ३ | ५ | सुवोध एसोसिएट्स | The International Accounting Group | सदस्य फर्म |
| ४ | ११ | जि. पी. राजवाहक एण्ड कं | BKR International | सदस्य फर्म |
| ५ | २४ | बि.आर. एस न्यौपाने एण्ड कं | Deloitte Touche Tohmatsu, a Swiss Verein | करस्पोन्डेन्ट्स फर्म |
| ६ | २३० | देव एसोसिएट्स | Baker Tilly International | सदस्य फर्म |
| ७ | ३६७ | अरूण लुईटेल एण्ड एसोसिएट्स | IAPA International | सदस्य फर्म |

# सदस्य सेवा तथा व्यवसायिक विकास सम्बन्धी समाचार

## सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखा व्यवसायी संस्था नवीकरणको अवस्था

संस्थाका सदस्यहरूको श्रावण १, २०६८ देखि पौष १६, २०६८ सम्म सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाको नवीकरण स्थिति निम्नानुसार रहेको छ ।

| वर्ग | कूल सदस्य संख्या | नवीकृत संख्या | कूल पेशागत प्रमाणपत्र संख्या | नवीकृत संख्या | कूल लेखाव्यवसायी संस्था संख्या | नवीकृत संख्या |
|---|---|---|---|---|---|---|
| सिए/एफसिए | ५६० | ४३३ | ५१६ | १९७ | ४१७ | १८२ |
| आरए. बी | ३३६३ | २१२४ | ३११० | १६४३ | ८७९ | ६७१ |
| आरए. सी | १५७८ | ९२८ | १४३९ | ७६१ | ३०८ | १९४ |
| आरए. डी | २३४१ | १४५७ | २१४४ | १३०० | २०३ | १४९ |
| कूल | ७८४२ | ४९४२ | ७२०९ | ३९०१ | १८०८ | ११९६ |

यही पौष २९ पश्चात् सदस्यता शुल्कमा ४० प्रतिशत अतिरिक्त शुल्कः लाग्नुको साथै नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५० को उपनियम ४ र नियम ५९ को उपनियम ५ बमोजिम पेशागत प्रमाणपत्र तथा लेखा व्यवसायी फर्म स्वतः रद्द हुनेछ ।

## वर्गवृद्धि सम्बन्धी समाचार

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (पहिलो संसोधन) नियमावली,२०६१ को नियम ५४(८) बमोजिम २०६८ पौष मसान्त सम्म समय सीमा तोकी वाणिज्य तथा व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण गर्ने घ वर्गका दर्तावाला लेखापरीक्षक सदस्यहरूलाई ग वर्गमा वर्गवृद्धि गर्ने संस्थाको नीति अनुरूप हाल सम्म १४ जना सदस्यहरूको स्वतः वर्गवृद्धि गरिएको छ भने २०६८ पौष मसान्तसम्म निवेदन दिने अन्य सदस्यहरूको वर्गवृद्धि निर्णय प्रक्रियामा रहेको छ ।

| क्र. सं | सदस्यको नाम | सदस्यता नं/ पेशागत नं | क्र. सं | सदस्यको नाम | सदस्यता नं/ पेशागत नं |
|---|---|---|---|---|---|
| १ | होमनाथ उप्रती | ५२३४/१२४३ | ८ | उदयप्रसाद पौडेल | ६९०८/१९६६ |
| २ | नगेन्द्र प्रसाद लुईटेल | १२८९/११२७ | ९ | बेदप्रसाद सुवेदी | ३५९६/८७१ |
| ३ | रमेशराज अर्याल | ६३६/१ | १० | नरायणप्रसाद गौतम | १४४६/२५७ |
| ४ | ध्रुवबाबु मरहट्टा | ६७८१/१९२५ | ११ | मानबहादुर लामिछाने | ६९५५/२१७६ |
| ५ | राजनकुमार के.सी | ४४३६/७८८ | १२ | कुन्दनकुमार पन्त | ४३६२/७३० |
| ६ | गुणराज रिजाल | २५७५/४४५ | १३ | धर्मराज शाक्य | १७८६/१०३ |
| ७ | मधवप्रसाद कोईराला | ५३१६/१२९९ | १४ | उत्तिमलाल महतो | ४५६०/८०३ |

## सी.पी.ई. कार्यक्रम सम्बन्धी

सी.पी.ई. कार्यक्रम संचालनको निमित्त नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) लगायत Out Sourcing Program Organizing Unit को रूपमा Auditors Association of Nepal (AuDAN), Prism Center for Learning Pvt. Ltd (Prism), (International College of Accountancy (INCA), Institute of Professional Excellence Pvt. Ltd (IPE), तथा CAI Pvt. Ltd. ले संस्था संगको सम्झौता बमोजिम सी.पी.ई कार्यक्रम संचलन शुरू गरेका छन् । गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा थप दुई संस्था Institute of Professional Excellence Pvt. Ltd तथा Prism Center for Learning Pvt. Ltd. लाई संस्थाले तालिम संचालन गर्ने अनुमति प्रदान गरेको छ । ईच्छुक पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले

आफूलाई पायक पर्ने स्थानमा सम्पर्क गरी तालिम लिन सक्नुहुने छ ।

यस आर्थिक वर्षमा तीन दिनको तालिमको निमित्त २० क्रेडिट आवर प्रदान गरिएको छ । यस वर्ष भित्र सिए. तथा आरए. सदस्यले गत दुई आ.व.को समेत गरी क्रमशः ६० र ४० पुऱ्याउनु पर्ने भएकोले यस निर्णयले सदस्यहरूलाई सहज हुने विश्वास गरिएको छ ।

आर्थिक वर्ष २०६८/६९ मा २०६८ मंशीर ०९ गते देखि संचालनमा आईसकेको तथा आउने सी.पी.ई कार्यक्रमको तालिका निम्न रहेको छ । मंसिर २३,२४ तथा २५ गते जनकपुरमा हुने भनिएको सी.पी.ई. कार्यक्रम स्थगित भएको छ ।

| क्र.सं | मिति | स्थान | कार्यक्रम संचालन ईकाई |
|---|---|---|---|
| १ | २०६८/८/ १७, १८ र १९ | महेन्द्रनगर | ICAN |
| २ | २०६८/८/१६, १७ र १८ | बाग्लुङ्/भैरहवा | PRISM/AuDAN |
| ३ | २०६८/८/२३, २४ र २५ | सुर्खेत | AuDAN/INCA |
| ४ | २०६८/ ९/ १, २ र ३ | बुटवल/धरान | ICAN/AuDAN |
| ५ | २०६८/ ९/८, ९ र १० | दाङ्ग | CAI |
| ६ | २०६८/१०/६, ७ र ८ | नरायणघाट | ICAN |
| ७ | २०६८/१०/१३, १४ र १५ | पोखरा | CAI |
| ८ | २०६८/१०/२७, २८ र २९ | विराटनगर/ नेपालगंज/हेटौडा | INCA/AuDAN/IPE |
| ९ | २०६८/११/५, ६ र ७ | धनगढी | AuDAN |
| १० | २०६८/११/ १२, १३ र १४ | ईलाम/वीरगंज/ काठमाडौ | AuDAN/AuDAN/ ICAN |
| ११ | २०६८/१२/३, ४ र ५ | विर्तामोड | AuDAN |
| १२ | २०६८/१२/१०, ११ र १२ | पोखरा/वीरगंज | AuDAN/ICAN |
| १३ | २०६८/१२/२४, २५ र २६ | विराटनगर | AuDAN |
| १४ | २०६८/१/१५, १६ र १७ | काठमाडौ | ICAN |
| १५ | २०६९/१/२९, ३० र ३१ | काठमाडौ | AuDAN |
| १६ | २०६९/२/५, ६ र ७ | काठमाडौ | IPE |
| १७ | २०६९/२/१२, १३ र १४ | काठमाडौ | CAI |
| १८ | २०६९/२/१९, २० र २१ | काठमाडौ/काठमाडौ | ICAN/AuDAN |
| १९ | २०६९/२/२६, २७ र २८ | काठमाडौ/ काठमाडौ | ICAN/INCA |
| २० | २०६९/३/१, २ र ३ | काठमाडौ/काठमाडौ | CAI/AuDAN |
| २१ | २०६९/३/८, ९ र १० | काठमाडौ/ काठमाडौ | ICAN/AuDAN |

माथिको तालिका बमोजिम हाल सम्म महेन्द्रनगर, बागलुङ्, भैरहवा, सुर्खेत, बुटवल, धरान तथा दाङ्गमा सी.पी.ई कार्यक्रम संचालन भईसकेको छ जसअनुसार हाल सम्म करिव ५०० सदस्यहरूले सो तालिम कार्यक्रममा सहभागिता जनाई सक्नु भएको छ ।

# शिक्षा विभाग सम्बन्धी समाचार

## विद्यार्थी सम्बन्धी समाचार

### विद्यार्थी भर्ना सम्बन्धमा (Student Enrollment)

जून २०११ देखि नोभेम्वर २०११ सम्ममा संस्थामा दर्ता भई चार्टर्ड एकाउन्टेन्ट्सी शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरू जो डिसेम्वर २०१२ को परीक्षाको लागि योग्य हुनसक्ने छन् तिनीहरूको संख्या तहगत रूपमा निम्न बमोजिम रहेका छन् । हाल सम्म एकाउन्टिङ्ग टेक्निसीयन पढ्ने विद्यार्थीको संख्या १११ पुगेको छ ।

| क्र.सं | CAP I | CAP II |
|---|---|---|
| १ | ४१७ | २६६ |

### Crash Course

विगत वर्षहरूझैं यस वर्ष पनि डिसेम्बर २०११ को वार्षिक परीक्षामा सामेल हुन चाहने CAP II Level का विद्यार्थीहरू लाई सहयोग पुऱ्याउने उद्देश्यले शिक्षा विभागले कात्तिक ६ (October 23) देखि कात्तिक २५ (November 11) सम्म CRASH COURSE संचालन गऱ्यो । उक्त कोर्षमा जम्मा ४० विद्यार्थीहरूको सहभागिता रहेको थियो । जसमा Accounting, Auditing, Cost Accounting, Finance, Corporate Law र Income Tax विषयका जम्मा २६ कक्षाहरू संचालन गरिएको थियो ।

### योग्यता परीक्षा सम्बन्धी (Eligibility Certificate Examination)

२०११ डिसेम्वर महिनाको सिए अन्तिम परीक्षामा सहभागी हुन अनिवार्य रूपमा आवश्यक पर्ने योग्यता प्रमाणपत्र यस वर्ष कूल १०३२ जनाले प्राप्त गरे जसमा CAP I तर्फ ६२५, CAP II तर्फ ३७८ तथा CAP III तर्फ २९ जना रहेका छन् त्यसैगरी लेखा प्राविधिज्ञ (Accounting Technician) तर्फ १ जना २०११ सेप्टेम्वर महिनाको अन्तिम परीक्षाको निमित्त योग्य भएका थिए ।

### सूचना प्रविधि व्यवहारिक तालिम तथा तालिम सामाग्री सम्बन्धमा

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासँगको संभौता बमोजिम कम्प्युटर ईन्सिटिच्युटहरू, कम्प्युटर पोईन्ट नेपाल (Computer Point Nepal) तथा एआईटीई (AITE) ले संस्थाका विद्यार्थीहरूलाई सूचना प्रविधिको व्यवहारिक तालिम दिन शुरू गरेका छन् । त्यसैगरी संस्थाले तालिम सम्बन्धी पुस्तक Information Technology Practical Training Manual प्रकाशन गरी विद्यार्थीहरूलाई वितरण कार्य पनि शुरू गरिसकेको छ ।

### केरीयर काउन्सलिङ्ग (CAREER COUNSELING)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, शिक्षा विभागले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्वको बारेमा जानकारी प्रदान गर्ने उद्देश्यले मिति २०६८ मंसिर १८ गतेका दिन महेन्द्रनगरको सिद्धनाथ बहुमुखी क्याम्पसमा केरीयर काउन्सलिङ्ग कार्यक्रमको आयोजना गऱ्यो । संस्थाका तर्फबाट प्राविधिक निर्देशक सिए. परमानन्द अधिकारी तथा सह-निर्देशक विनोद न्यौपानेको उपस्थितिमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । जसमा २७ जनाको सहभागिता रहेको थियो । त्यसैगरी पौष २ गते बुटवलमा प्राविधिक सह-निर्देशक सिए. पुष्पेन्द्र सिंहको उपस्थितिमा केरीयर काउन्सलिङ्ग कार्यक्रम

सम्पन्न भएको थियो । सिए तथा एकाउन्टिङ्ग टेक्निसियन कोर्षको बारेमा जानकारी गराइएको उक्त कार्यक्रममा ५० जनाको सहभागिता रहेको थियो । त्यस्तै यही पौष ८ गते दाङ्गको घोराहीमा केरीयर काउन्सलिङ्ग कार्यक्रम सम्पन्न भयो । संस्थाका सह-निर्देशक श्री विनोद न्यौपानेले उपस्थित विद्यार्थी तथा अभिभावकहरूका बीच सिए कोर्षको बारेमा जानकारी गराउनु भएको थियो । उक्त कार्यक्रममा ८१ जना सहभागिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा चार्टर्ड एकाउन्टेन्सी शिक्षा पश्चात प्राप्त गर्न सकिने संभाव्यता समेतको जानकारी प्रदान गराईएको थियो । शिक्षा विभागले उपत्यका तथा उपत्यका बाहिर सोही अनुसारका कार्यक्रमहरू संचालन गर्ने लक्ष्य अनुरूप उक्त कार्यक्रम संचालन गरेको हो । सरोकारवालाहरूको उल्लेख्य सहभागिता रहेको उक्त कार्यक्रममा चार्टर्ड एकाउन्टेन्सी शिक्षामा गहिरो रूचि देखाएका थिए ।

## परीक्षा विभाग सम्बन्धी समाचार

### सिए सदस्यता परीक्षा सम्बन्धमा (CA Membership Examination)

नोभेम्वर १५ देखि १७, २०११ सम्म संस्थाबाट संचालित सिए सदस्यता परीक्षामा विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी कोर्ष पूरा गरी संस्थाको सदस्यता प्राप्तिका लागि निम्न बमोजिम विद्यार्थीहरू निम्न विषयको परीक्षामा सामेल भएका थिए ।

| Level | Paper 4 (Corporate Law) | Paper 7 (Direct Tax) | Paper 8 (Indirect Tax) |
|---|---|---|---|
| CA Membership | ३१ | ३८ | ३९ |

### २०११ डिसेम्वर महिनाको चार्टर्ड एकाउन्टेन्सी परीक्षा सम्बन्धी

डिसेम्वर २०११ मा संस्थाबाट संचालित चार्टर्ड एकाउन्टेन्सी कोर्ष अन्तर्गत विभिन्न तहको अन्तिम परीक्षा यही मिति २०६८/०८/१५ देखि शुरू भई मिति २०६८/०८/२३ मा सम्पन्न भयो । २०११ डिसेम्वर महिनाको वार्षिक परीक्षामा सामेल हुने तहगत रूपमा विद्यार्थीको संख्या निम्न रहेको छ ।

| क्र. सं. | तह | विद्यार्थी विवरण | पहिलो समूह | दोश्रो समूह | दुवै समूह | कूल |
|---|---|---|---|---|---|---|
| १ | फाउन्डेसन | आवेदक संख्या | १ | ७ | ३ | ११ |
| | | परीक्षामा सामेल | ० | ६ | २ | ८ |
| २ | CAP I | आवेदक संख्या | ७२ | ७७ | ६६३ | ८१२ |
| | | परीक्षामा सामेल | ६४ | ७३ | ६२९ | ७६६ |
| ३ | ईन्टरमिडीयट | आवेदक संख्या | ८ | १० | ५ | २३ |
| | | परीक्षामा सामेल | ७ | ९ | ५ | २१ |
| ४ | CAP II | आवेदक संख्या | १४४ | २०३ | ६३३ | ९८० |
| | | परीक्षामा सामेल | १२३ | १७१ | ६१४ | ९०८ |
| ५ | फाईनल | आवेदक संख्या | २३ | १४ | ७ | ४४ |
| | | परीक्षामा सामेल | २१ | ११ | ७ | ३९ |
| ६ | CAP III | आवेदक संख्या | २१ | २५ | ५६ | १०२ |
| | | परीक्षामा सामेल | २० | २३ | ५५ | ९८ |

## अन्तर्राष्ट्रिय समाचार

### आई.एफ.ए.सी. काउन्सिल मिटिङ्ग (IFAC Ordinary Council Meeting), जर्मनी

जर्मनीको बर्लिनमा १५ नोभेम्वर देखि १७ नोभेम्वर २०११ सम्म IFAC को ३४ औं Ordinary Council Meeting संचालन भयो । उक्त समयमा Accounting for Crisis: Public and Private Sector Perspectives Theme रहेको सेमिनार समेत संचनल भएको थियो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको तर्फबाट सिए. सुदर्शनराज पाण्डे, अध्यक्ष तथा सिए. मधु विर पाण्डे, उपाध्यक्षले उक्त सेमिनारमा सहभागिता जनाउनु भएको थियो ।

उक्त सेमिनारले अर्को सेमिनार मार्च १९/२०, २०१२ मा हुने निर्णय समेत गरेको छ ।

### अन्तर्राष्ट्रिय साफा कन्फरेन्स, बंगलादेश (SAFA Conference, Bangladesh)

बंगलादेशमा २७-३०, नोभेम्वर २०११ मा "Best Practices and Reporting for Sustainable Development" Theme रहेको चार्टर्ड एकाउन्टेन्टहरूको कन्फरेन्स सम्पन्न भयो । उक्त कन्फरेन्स Inaugural session, Technical Session I & II and Valedictory Session गरी चार सेसनमा संचालित थियो । २७ नोभेम्वर २०११मा उद्घाटनबाट शुरू भएको उक्त कार्यक्रम २८ मा Regional Standard Setters Conference तथा २९ मा SAFA BPA Award Ceremony, २०१० र अन्तमा नोभेम्वर ३० मा सम्पन्न भएको कन्फरेन्सको Theme "Professional Accountant Role for Sustainable Development" रहेको थियो ।

उक्त कन्फरेन्समा नेपालको पब्लिक प्राइभेट पार्टनरसिप (पी.पी.पी.) सम्बन्धी अनुभव एवं IFRS Convergence सम्बन्धमा संस्थाका अध्यक्षले छुट्टाछुट्टै समयमा प्रकाश पार्नु भएको थियो ।

SAFA BPA Award Ceremony, २०१०को निमित्त नेपालको तर्फबाट विभिन्न क्षेत्र अन्तर्गतका संगठनहरू नविल बैंक लिमिटेड, स्टान्डर्ड चार्टर्ड बैंक लिमिटेड, एनआईसी बैंक लिमिटेड, एसिई डेभलप्मेन्ट बैंक लिमिटेड, कर्जा सूचना केन्द्र, बुटवल पावर कम्पनी लिमिटेडले आफ्नो नाम मेरिट लिष्टमा राख्न सफल भएका थिए । युरोपीयन राष्ट्रका प्रतिनिधि सहित भारत, पाकिस्तान, श्रीलंका, नेपाल लगायतका राष्ट्रका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कन्फरेन्समा संस्थाको तर्फबाट सिए. सुदर्शनराज पाण्डे, अध्यक्ष, सिए. मधु विर पाण्डे, उपाध्यक्ष, सुवोध कुमार कर्ण, भूतपूर्व अध्यक्ष, सुजनकुमार काफ्ले,

पार्षद्, सिए. महेश कुमार खनाल, पार्षद् तथा आरए. मोहनराज रेग्मी पार्षदले भाग लिनु भएको थियो ।

## साफा आईट्याग कमिटी बैठक, श्रीलंका
## (SAFA ITAG Committee Meeting)

श्रीलंकाको राजधानी कोलम्बोमा नोभेम्वर २/३, २०११ मा आयोजित SAFA ITAG कमिटीको बैठकले साफामा आबद्ध सार्क राष्ट्रका विभिन्न संगठनहरूका दश विधामा उत्कृष्ट वित्तीय प्रतिवेदन प्रस्तुतीकरण पुरस्कारको अन्तिम छनौट गऱ्यो ।



साफा ITAG कमिटि बैठकको एक दृश्य ।


उक्त समारोहमा नेपालको तर्फबाट प्रथमपटक कर्जा सूचना केन्द्रले तेस्रो स्थान प्राप्त गऱ्यो भने नविल बैंक लिमिटेड, स्टार्न्डर्ड चार्टर्ड बैंक लिमिटेड, एनआईसी बैंक लिमिटेड, एसिई डेभलप्मेन्ट बैंक लिमिटेड, बुटवल पावर कम्पनी लिमिटेडहरू मेरिट सर्टिफिकेट प्राप्त गर्न सफल भएका थिए ।

विभिन्न साफा सदस्य राष्ट्रहरूको सहभागिता रहेको उक्त कार्यक्रममा संस्थाको तर्फबाट सिए. परमानन्द अधिकारीले भाग लिनु भएको थियो ।

## प्रकाशन सम्बन्धमा

जून २०११का सबै तहका प्रस्तावित उत्तरको संगालो किताबी रूपमा प्रकाशनमा ल्याई संस्थाले बिक्री वितरणमा ल्याएको छ ।

संस्थाले सदस्यहरूको क्षमता अभिवृद्धिका लागि गाउँ विकास समितिको लेखापरीक्षण निर्देशिका, २०६८ तथा नगरपालिकाको लेखापरीक्षण निर्देशिका, २०६८ प्रकाशनमा ल्याएको छ । नेपाल सरकार स्थानीय विकास मन्त्रालयसँगको सहकार्यमा तयार गरी जारी गरिएको निर्देशिकाहरूले लेखापरीक्षकहरूलाई स्थानीय निकायको लेखापरीक्षण कार्य सहज हुने संस्थाले विश्वास लिएको छ ।




## कर्मचारी सम्बन्धी समाचार

यस संस्थामा कार्यरत बरिष्ठ सहायक श्री ओमप्रकाश भट्टराईले आफ्नो पदबाट मिति २०६८/०७/०७ मा राजिनामा गर्नुभएको छ । उहाँ यस संस्थामा २०६५/०९/०१ गते देखि करिव ३ वर्ष कार्यरत हुनुहुन्थ्यो ।

## वनभोज कार्यक्रम सम्बन्धमा

मिति २०६८ मंसिर १५ गते नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था कर्मचारी संगठनले काठमाडौंको थानकोट त्रिभुवन पार्कमा वनभोज कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा संस्थाका कार्यकारी निर्देशक लगायत अधिकांश कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

प्रापकको नाम र ठेगाना:

टिकट

प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोनः ०१-४२५८५६९/४२६९१३०/२०३००२१
फ्याक्सः २५८५६८, इमेलः ican@ntc.net.np, वेबसाइटः www.ican.org.np
शाखाहरू : विराटनगर, बुटवल, वीरगञ्ज